Image

अनुसन्धान तथा विस्तारित कार्यक्रम समिति **(REPMC)**

# ज्ञान बहुमुखी क्याम्पस कोहलपुर, बाँके

# लघु अनुसन्धान गर्न अनुदानका लागि प्रस्तावना आह्वान आ.व. २०८१।०८२

प्रथम पटक प्रकाशित मितिः २०८१।०४।०७

अनुसन्धान तथा विस्तारित कार्यक्रम व्यवस्थापन समिति **(REPMC)**, ज्ञान बहुमुखी क्याम्पसले आ.व. २०८१।०८२ का लागि अनुसन्धान गर्न अनुदान दिने निर्णय गरे बमोजिम अनुसन्धान कार्यलाई बढ्वा दिन, नेपालमा विभिन्न त्रिभुवन विश्वविद्यालय, आंगिक क्याम्पस, सम्बन्धन प्राप्त क्याम्पस , अनुसन्धान केन्द्रमा पूर्णकालीन रुपमा कार्यरत प्रशिक्षक, सहायक प्राध्यापक, उपप्राध्यापक, सहप्राध्यापक, प्राध्यापकज्यूहरुद्वारा लघु अनुसन्धान गर्न अनुदानका लागि प्रस्तावना सहितको निवेदन माग गरिएको छ।

***जम्मा अनुदान संख्या तीन (३)***

योग्यताका आधारहरु:

- निवेदक नेपाली नागरिक हुनु पर्नेछ।
- निवेदक त्रि.वि., त्रि.वि.का आंगिक क्याम्पस, सम्बन्धन प्राप्त क्याम्पस, त्रि.वि.का अनुसन्धान केन्द्रमा पूर्णकालीन रुपमा कार्यरत हुनुपर्नेछ।
- निवेदक अनुसन्धान तथा विस्तारित कार्यक्रम तथा व्यवस्थापन समितिको सदस्य नभएको हुनुपर्नेछ।

***निवेदन पेश गर्ने प्रक्रिया:***

१) योग्य निवेदकले आफ्नो प्रस्तावना सहितको निवेदन मिति २०८१।०४।२१ गते साँझ ५ बजेसम्म क्याम्पसको प्रशासन शाखामा दर्ता गराई सक्नु पर्नेछ।

२) निवेदकले आफ्नो प्रस्तावनाको दुई प्रति हार्ड कपी, एक प्रति सफ्ट कपी, अनुसन्धानकर्ता व्यक्तिगत विवरण, नागरिकताको प्रतिलिपि र कार्यरत संस्थाको **No objection Letter** पेश गर्नुपर्नेछ।

***अनुदानको विवरण:***

१) अनुदान रकम प्रति व्यक्ति रु. ५०,०००। (पचास हजार) हुनेछ।

२) अनुदानको पहिलो किस्ताको ३० प्रतिशत रकम प्रस्तावना स्वीकृत भएको मितिमा प्रदान गरिनेछ।

३) दोस्रो किस्ता अनुसन्धान कार्यको प्रगतिको आधारमा अनुगमन समितिको सिफारिशमा ४० प्रतिशत रकम प्रदान गरिनेछ।

४) तेस्रो किस्ता अनुसन्धान कार्य सम्पन्न गरी सम्पूर्ण प्रतिवेदनहरु बुझाए पश्चात बाँकी ३० प्रतिशत रकम प्रदान गरिनेछ।

५) योग्य अनुसन्धानकर्ताले प्रस्तावना छनौट भएको मितिले ६ महिनाभित्र लघु अनुसन्धान कार्य पूर्ण रुपमा सम्पन्न गरिसक्नु पर्नेछ।

***छनौट प्रक्रिया:***

१) **REPMC** ले दर्ता हुन आएको प्रस्तावनाहरुको अनुसन्धानका लागि तोकिएका मापदण्डहरु पूरा भए नभएको एकिन गर्नेछ।

२) बाह्य समिक्षकद्वारा प्रस्तावनाहरुको समीक्षा गर्नेछ।

३) अनुसन्धानकर्ताले आफ्नो प्रस्तावनाको विस्तृत प्रस्तुतीकरण गर्न र अन्तर्वार्ता दिनु पर्नेछ।

४) बाह्य समिक्षकद्वारा रितपूर्वक दर्ता भएका सबै प्रस्तावनाहरुमध्ये तीन वटा प्रस्तावनाहरु छनौट गर्नेछ।


***विस्तृत जानकारीका लागि***

**REPMC**, ज्ञान बहुमुखी क्याम्पस, कोहलपुर, बाँके

सम्पर्कः ०८१-५४१६१७/१८

इमेलः **nbacollege2009@gmail.com**


राष्ट्रिय दैनिक नेपालगञ्ज

CamScanner